# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्ध कुमाख गाउँपालिका
## सल्यान

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्ध कुमाख गाउँपालिका

## सल्यान

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्ध कुमाख गाउँपालिका

## सल्यान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ ज्येष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ३९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

सिद्ध कुमाख गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

सल्यान।

१. **कैफियत सहितको राय** – हामीले सिद्ध कुमाख गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ४ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रतिकृया प्राप्त भएको छैन । सोमध्ये असुल गर्नुपर्ने रू.७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१२ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.३६ लाख ९ हजार र पेश्की बाँकी रु.५४ लाख ८४ हजार समेत रू.१ करोड ४ लाख ५९ हजार रहेको छ । सिद्ध कुमाख गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड ४ लाख ३६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ८ लाख ९५ रहेको छ । **सिद्ध कुमाख गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सिद्ध कुमाख गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सिद्ध कुमाख गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# सिद्ध कुमाख गाउँपालिका,

## सल्यान जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

**बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५१ | १५ | १०४५९ | ० | ० | ० | ५१ | १५ | १०४५९ | ७३ | ३६०९ | १२९३ | ० | ० | ४९०२ | ५४८४ |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | १००४३६ | ० | ० | १००४३६ | ० | १०४५९ | ११०८९५ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम (रु.) |
|---|---|---|---|---|
| (क) | चालु वर्षको जम्मा | ० | ० | ० |
| ख) | गत विगतको जम्मा | ० | ० | ० |
| (क+ख) | कुल जम्मा | ० | ० | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, ८९.३६ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ५९३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।१९ देखि २०८०।०९।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय — व्ययतर्फ रु. ६७ करोड ७ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा रु.८५,५००/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ बजेट तथा कार्यक्रम

२.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०७९।३।६ मा एक आर्थिक बर्षको बजेट प्रक्षेपण गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२.२ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।३।१० मा रु.३६ करोड ४० लाख १४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२३ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९। ४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान पश्चात कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२.३ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ८७ योजनामा वजेट विनियोजन गरेको छ। विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३७ | १३ | ८ | १६ |
| २. | वडास्तरीय | ५० | ० | ० | ५० |

२.४ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन-

- कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गरेपनि पालिकाले यस बर्षको वजेट विनियोजन गर्दा ३ बर्षको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१० करोड ५४ लाख ९१ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड १८ लाख ३१ हजार , दोश्रो त्रैमासिकमा रु. ७३ लाख ०९ हजार.तेश्रो त्रैमासिकमा रु. १ करोड ४८ लाख ९४ हजार , चौथो त्रैमासिकमा रु. ७ करोड ३४ लाख ५८ हजारर असार महिनामा मात्रै रु. ४ करोड ६१ लाख ३९ भएको देखिन्छ। चौथो त्रेमासिक खर्च ६३.६३र आषाढ महिनाको खर्च ४३.७७रहेकोले वर्षान्तको खर्च दर उच्च रहेको छ ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

२.५ **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासकाविवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८९.७३प्रतिशत र पूर्वाधार विकास मा सबै भन्दा घटीमा ४८.४४प्रतिशत रहेको छ । क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति संलग्न अनुसुचीमा रहेको छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,२०,४०,०००.०० | १,४६,४०,८५५.०० | ६६.४३ |
| २ | पूर्वाधार विकास | ८,८०,१५,०००.०० | ४,२६,३४,०९१.०० | ४८.४४ |
| ३ | सामाजिक विकास | १६,२२,३८,७५०.०० | १४,५५,७३,९९०.०० | ८९.७३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सुशासन र आन्तरसम्बन्धित क्षेत्र | २,०१,००,०००.०० | १,३७,७७,२४९.६० | ६८.५४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | ९,३९,०५,४४२.०० | ७,५६,९९,४५५.२६ | ८०.६१ |
| जम्मा | | ५२,०२,७६,६४९.०० | ४३,०३,७०,७५६.३९ | ८२.७१ |

२.६ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा समेत समावेश गरी गत वर्षको रु.४,७१,१२०/- भुक्तानी दिन बाँकी रकम मध्ये रु.४,७१,१२०/- सशर्त चालुवाट दायित्व भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गरीनुपर्दछ।

## ३ वित्तीय विवरणको विश्लेषण

३.१ **प्राप्ति तथा भुक्तानी हिसाब** -स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम सिद्ध कुमाख गाउपालिका सल्यानले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७९।८०मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था संलग्न अनुसुचि बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.३ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४,९८,५८,९०७/- र आन्तरीक मामिला तथा कानुन मंत्रालय रु.४,८०,०००/- गरी रु.५,०३,३८,९०७/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै

कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा संलग्न अनुसुचीअनुसार गत वर्षको जिम्मेवारी रु.४२,६९,२४७।४३ यस वर्षको प्राप्ति रु.४,९१,७१,४९९।३०यस वर्षको भुक्तानी रु.५,०४,९५,८६२। र बैङ्क मौज्दात रु.२९,३५,६८४।७३फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,१२,५४,२१३.१७ | २७,७४,५१,७७३.६४ | २९,३६,१३,२७५.८६ | ५,५०,९२,७१०.९५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७५५२३४६०।६० | ३२६६२३२७२।९४ | ३४४१०९१३७।८६ | ५८०२८३९५।६८ |
| फरक | ४२६९२४७।४३ | ४९१७१४९९।३० | ५०४९५८६२। | २९३५६८४।७३ |

३.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण आषाढ मसान्तको श्रेस्ता र बैक स्टेटमेन्ट बिच रु.५९,४०,७४६/- फरक एकिन हुन सकेन । बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ-

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | **५८८५६९२।३६** | |
| ग १.३, आन्तरिक अनुदान खाता | | ० | |
| ग १.४, वैदेशिक सहायता अनुदान खाता | ० | ० | |
| ग २.७, विविध खर्च खाता | २२,६०,१४०.६५ | २२,६०,१४०.६५ | |
| ग ३.१, स्धानीय तह धरौटी खाता | ४७,६३,५८०.९६ | ४७६३५८०।९६ | |

| | | | |
|---|---|---|---|
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ४,९६,३८,९५६.३७ | ३७१३०६०२।५७ | |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ५६८९५२४।८८ | |
| ग २.४, पुजिगत खर्च खाता- जोर वर्ष | ० | ६८७३८८३।०० | |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ९,२००.०० | ९२०० | |
| प्रकोप व्यवस्थापन कोष | १३,६५,७१७.७० | १३,६५,७१७.७० | |
| जम्मा | ५८०३७५९६ | ६३९७८३४२ | ५९४०७४६ |

३.६ खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२६,६३,१७४।९२ राजस्व बाँडफाँड र अनुदानबाट रु.२६,८९,३४,११४।३७ समेत रु २७१५९७२८९।२९ आम्दानी भएकोमा चालु तर्फ रु.१८,६८,३४,८९०।८६ र पूँजिगत तर्फ रु.१०,५४,९०,७५०/- समेत रु.२९,२३,२५,६४०।८६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा .९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६३,४७,६५०/- खर्च भएको छ जुन आन्तरिक आयको २३८.३४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.७९प्रतिशत चालु र ३८.८४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

४.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको भए पनि सो अनुसार कार्यान्वयन भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन-

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको, देखिएन .

**खरिद व्यवस्थापन तर्फ**

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरी आबश्यक कार्वाही गरेको गरेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको छैन ।

**विविध तर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको को छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्यसञ्चालन तथा व्यवस्थापनलाईप्र भावकारी बनाउनुपर्दछ ।

४.२ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र. ९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका ४ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको भएपनि बाकीले विबरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण

गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दि बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल २९ कर्मचारी दरबन्दी रहेकोमा २०८०।०३।३१ सम्म २३ जना दरबन्दी स्थायी पदपूर्ति भई ६ पद रिक्त रहेको छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **कर्मचारी व्यवस्था**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी संलग्नअनुसुची अनुसार तलव भत्ता रु.१०,६८,९६३/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| **पद** | **तलव भत्ता रु.** |
|---|---|
| इन्जिनियर | ६९७०३३ |
| सव इन्जिनियर | ३७१९३० |
| | १०६८९६३ |

| | |
|---|---|
| अनियमित भएको | १०,६८,९६३ |

५.३ **तलवी प्रतिवेदन**- निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ जना कर्मचारीको रु. ७४,२७,६३६/- र पालिकाका २३ जना कर्मचारीको रु समेत रु.१,३०,०६,१७४।७४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.४ **अवकास कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई

आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, ३२ वटा नियमावली, २ कार्यविधि २ निर्देशिका नर्मस ३ आधार सहिता १ लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । राजस्व सङ्कलन तथा खर्च व्यवस्थापन तथा वेरुजु लाई फस्यौट गर्न अति आवश्यक कानुन जस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

६.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो वर्ष थप भएको १गरी कुल १ विवाद दर्ता भएकोमा कुनै फस्यौट फस्यौंट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ सम्पत्ति उपयोग र संरक्षण

७.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो स्थानिय तहमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ

| सम्पत्ति | संख्या | खरिद/प्राप्ति मूल्य |
|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | -- |
| सवारी साधन दुइ पाङग्रे | २१ | ५,४५९,९३६.२० |
| जिप | १ | ५,२९९,०००.०० |
| पिकअप | १ | २,७४२,४७७.८८ |

| | | |
|---|---|---|
| एम्बुलेन्स | १ | ९५३,३५०.०० |
| डोजर | १ | ४१७००० |

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यालयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्नेमा पालिकाले पुण रुपमा घर जग्गाको अभिलेख नराखेको र मुल्य नखुलेका सम्पति तथा सामानको मुल्य खुलाइ अभिलेख राखेको पाईएन ।
- **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । डोजर लगायत उपकरणहरु सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।
- **सार्वजनिक प्रकृतिको जग्गा प्रयोग** गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्विकृति लिएको देखिएन ।
- इन्धनको अभिलेख –पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु.३,००,०००.० र इन्धन (कार्यालय प्रयोजन)मा **इन्धनको अभिलेख** रु.३४,३९,७९७/- गरी रु. ३७,३९,७९७/- खर्च भएको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS राखिनुपर्दछ ।
- **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८०।५।६ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने १३ आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने ५ आइटमका सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा लिलामी प्रकृया नै शुरु गरेको पाइएन ।

---

७.२ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण -** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख

लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

## ८ खरिद तथा ठेक्का अभिलेख

८.१ **ठेक्का अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानुन बमोजिम स्वीकृत म ले प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ ।

८.२ **खरिद कार्यको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीकोनिम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले हरेक खरिद कारवाहीको व्यवस्थित अभिलेख गरी फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कारवाहीको छुट्टै फाइल खडा गरी राख्नुपर्दछ ।

## ९ पेश्की व्यवस्थापन

**पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फस्यौंट गर्नु पर्ने र नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष र गत बर्ष दिएको निम्नानुसार पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्यौंट हुन बाँकी रहेकोले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिएको छ ।

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की रकम म्याद ननाघेको | पेश्की रकम म्याद नाघेको |
|---|---|---|---|---|
| २०८०/०२/२८ | जिज्ञासु बि.सी. निर्माण सेवा | उचाल्ने करेन्जी दारिमटाकुरा सडक निर्माण योजना | २०८०/०३/३१ | १,२९,७८७.०० |
| २०८०/०३/१५ | सल्यान वितरण केन्द्र, ने. वि. प्रा | ल्यान वितरण केन्दर र सिद्ध कुमाख गाउँपालिका विच भएकाे सम्झौता | | ३,९९,९८४.०० |

| | | | | |
|---|---|---|---|---|
| | | पत्र र लागत अनुमानका आधारमा | | |
| २०८०/०३/२४ | सल्यान वितरण केन्द्र, ने. वि. प्रा | विधुत विस्तारका लागि | | ४९,९३,८४६.०० |
| | | | पेश्की | ५४,८३,६१७ |

१० **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु.२०,५०,०००/- बजेट व्यवस्था गरेकोमा खाजा खाना खर्चमा रु.१८,८३,२८४/- खर्च गरेको छ । पालिकाले आन्तरीक श्रोत समेत बिचार गरी यस्ता खर्च नियन्त्रण गरिनुपर्दछ ।

११ **खर्च संकेत बिपरित खर्च-**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ४१ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्टशीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक तथा उपशीर्षकको सीमामा रहेको सुनिश्चित गरी कार्यालय प्रमुखले निर्दिष्ट प्रयोजनको लागि खर्च गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले नियमावलिमा भएको ब्यबस्था सुनिश्चित नगरी तथा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को चालु खर्च संकेत वर्गिकरण र ब्याख्या विपरित देहाय बमोजिम खर्च गरेकोले अनियमित रु.

| गो भौ नं | कार्य | खर्चभएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | खर्च रकम |
|---|---|---|---|---|
| २७। २०७९/०६/१२ | करार कर्मचारीहरुकाे स्रावण भाद्र आश्विन र चाडपर्व वापतको रकम भुक्तानी | कार्यक्रम खर्च २२५२२ | करार सेवा शुल्क २२४१३ | ५,७८,७२०.६० |
| २९। २०७९/०६/१२ | सवारी साधनकाे मर्मत भुक्तानी | कार्यक्रम खर्च २२५२२ | सवारीसाधन मर्मत २२२१३ | ४५०८५ |
| ३०। २०७९/०६/१३ | भ्रमण भत्ता भुक्तानी | कार्यक्रम खर्च २२५२२ | अनुगमन,मुल्याङकन खर्च २२६११ | ५६०४५ |
| ३१। २०७९/०६/१३ | खाजा नास्ताको रकम भुक्तानी | कार्यक्रम खर्च २२५२२ | बिबिध खर्च २२७११ | १९०४९५ |

| | | | | |
|---|---|---|---|---|
| ३२। २०७९/०६/१३ | कार्यालयले गाडी सम्झाैता गरी साे बमाेजिमकाे रकम भुक्तानि | कार्यक्रम खर्च २२५२२ | सवारीसाधन तथा मेशिनरी आजार भाडा २८१४३ | १,५९,०००.०० |
| ३३। २०७९/०६/१३ | इन्धन खर्च भुक्तानी | कार्यक्रम खर्च २२५२२ | इन्धन कार्यालय प्रयोजन २२२१२ | ५२,७३०.०० |
| ३६ ।२०७९/०६/१३ | कार्यालय प्रयाेजनका लागि इन्धन खरिद गरेबापतकाे रकम भुक्तानि | सेवा र परामर्श खर्च २२४११ | इन्धन कार्यालय प्रयोजन २२२१२ | ६,०३,५८०.०० |
| ३९।२०७९/०६/१३ | गाउँपालिकाकाे मसलन्ध वापतकाे रकम | कार्यक्रम खर्च २२५२२ | मसलन्द तथा कार्यालय सामाग्रि २२३११ | १,८७,०९२.०० |
| ६। २०७९/०६/१३ | कार्यालयकाे लागि आवश्यक मसलन्ध सामाग्री खरिद गरी बिल बमाेजिमकाे रकम भुक्तानि | शैक्षिक सैस्थालाई सहायता २५३११ | मसलन्द तथा कार्यालय सामाग्रि २२३११ | १,९३,९५२.०० |
| ८। २०७९/०६/१३ | मसलन्ध वापतकाे रकम भुक्तानि गर्न | शैक्षिक सैस्थालाई सहायता २५३११ | मसलन्द तथा कार्यालय सामाग्रि २२३११ | १,२५,२७३.०० |
| १०। २०७९/०६/१३ | इन्धन वापतकाे रकम भुक्तानि | शैक्षिक सैस्थालाई सहायता २५३११ | इन्धन कार्यालय प्रयोजन २२२१२ | १,०६,१६०. |
| १२। २०७९/०६/१३ | सवारी साधन मर्मत गरी बिल बमाेजिमकाे रकम भुक्तानि | शैक्षिक सैस्थालाई सहायता २५३११ | सवारीसाधन मर्मत २२२१३ | २,४१,५१९.०० |
| | | | | २५३९६५१.६ |

| | |
|---|---|
| अनियमित भएको | २५,३९,६५१ |

## १२ खरिद

१२.१ **सिधै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई कुल विनियोजन भएको रु.४५,५६,०००.०० मध्ये विद्यालयको मसलन्द अनुदान घटाउदा रु.२४,७८,०५८/- खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्वन्धमा केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | आपुर्तिकर्ता | बिबरण | खर्च रकम |
|---|---|---|---|
| ३०१।२०८०।३।२७ | गौरी पुस्तक भण्डार एण्ड जनरल अडर सप्लायर्स | मसलन्द तथा कार्यालय सामाग्री | २,६४,८०४.० |
| १०२। २०७९/०९/०७ | पशुपति सप्लायर्स | छपाई कार्य गरी साे बापतकाे रकम भुक्तानि | २,५४,६८४.०० |
| १००। २०७९/०९/०७ | पशुपति सप्लायर्स | छपाई गरी सलग्न कागजात का आधारमा रकम भुक्तानि | ४,८१,३३४.० |

१२.२ **औषधि खरिद**-पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले चालु बजेट उप शिर्षकबाट देहाय बमोजिम फर्मसँग सार्वजनिक सुचना भएको मुल्यदरमा रु.१६,११,६५४/- को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खपत र मौज्दातको अवस्था यकिन हुनेगरी अभिलेख राख्नुपर्दछ ।

## १३ इन्धन खर्च

१३.१ **ईन्धन खर्च-** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को अनुसुचि १ मा अध्यक्षको सवारी साधनलाई माशिक ७० लिटर डिजल उपाध्यक्ष माशिक ६० लिटर डिजल डिजल

र वडाध्यक्ष माशिक १५ लीटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा पदाधिकारी को लागी १ वटा हलुका सवारी साधन र ५ वटा मोटर साईकल र कार्यालयको प्रयोजन १ सवारी साधन तथा मोटरसाइकल १९ प्रयोग भएको देखिएको छ । , सो को लागी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.३,००,०००.०० र इन्धन (कार्यालय प्रयोजन) मा ३४,३९,७९७.० गरी ३७३९७९७ वजेट खर्च गरेकोमा सालाखाला देहाय वमोजिम पदाधिकारी इन्धनमा रु २२७४० र इन्धन (कार्यालय प्रयोजन)मा रु १४६९३७० वढी खर्च भएको देखिएको छ । पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन र अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि ईन्धन खर्च गरिनुपर्दछ ।

| बिबरण | इन्धन (पदाधिकारी) | | | इन्धन (कार्यालय प्रयोजन) | | |
|---|---|---|---|---|---|---|
| | इन्धन वार्षिक परिमाण | औसत दर | बार्षिक रकम | इन्धन वार्षिक परिमाण | औसत दर | बार्षिक रकम |
| पिकअप पदाधिकारी१ | ७०*१२ *१ = | १४९ | १२५१६० | | | |
| मोटरसाइकल५ वडाध्यक्ष | १५*१२= | १६९ | १५२१०० | | | |
| पिकअप १ | | | | ७०*१२ | १४९ | १२५१६० |
| मोटरसाइकल १९ | | | | १९*१२*१० | १६९ | ३८५३२० |
| डोजर | | | | ९५१० | १४९ | १४१६९९० |
| जम्मा | | | २७७२६० | | | १९२७४७० |
| वजेट खर्च | | | ३,००,०००.०० | | | ३४,३९,७९७.० |
| वढी खर्च | | | २२७४० | | | १४६९३७० |

---

१३.२ आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली,२०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ। पालिकाले आफ्नो डोजर सार्वजनिक सडक मर्मत सभ्भार तथा पालिकाको योजनाको कार्यमा अमानतवाट गराएको भनी इन्धन लगबुक बमोजिम

९५१० लिटर डिजलको सरदर रु. १४,१६,९९०/- खर्च भएकोमा डोजरले गरेका कार्यहरुको नापी किताब गरेको अभिलेख पेश हुनुपर्दछ

१४ **दैनिक भ्रमण भत्ता खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने,भ्रमणबाट फर्केपछी उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजातसहित भ्रमणको उपलब्धीसमेतउल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६को ढाँचामा राख्नुपर्ने व्यवस्थाछ। साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वश्नीय आधार र प्रमाण स्थापित हुनेगरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेखछ। त्यस गाउँपालिका कार्यालयले यो वर्ष भ्रमण खर्च शिर्षकमा रु.२०,९४,२५७.०० खर्च लेखेको देखियो । कार्यालयले भ्रमण अभिलेख खाता राखेको छैन । यो वर्ष के कति कर्मचारीलाई के कति वटा भ्रमण आदेश जारी भएको थियो भनि यकिन गर्ने स्थिती देखिएन । भ्रमण अभिलेख खाता अनिवार्य राख्नु पर्दछ ।

१५ **पालिका अनुदान शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक , कर्मचारी , तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको छ । पालिकाले विद्यालय व्यबस्थापन अनुदान कार्यबिधि निर्माण गरी पालिका अनुदान शिक्षक वापत स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, कर्मचारी, र वालबिकास शिक्षक नियुक्ति गरी यस वर्ष रु.३८,६०,०००/- पारिश्रमिक भुक्तानी गरेको छ । उल्लेखित ऐन विपरीत राजश्व वाडफाँडवाट पालिकाले बिद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान नगरी र शिक्षक बिद्यर्थि अनुपात समेत बिश्लेषण नगरी पालिका अनुदान शिक्षक ब्यबस्था गरी पारिश्रमिक भुक्तानी दिन मिल्ने नदेखिएकोले नियमसम्मत देखिएन ।

| गो .भौ. नं. र मिति | विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| ४४।२०८०।३।१५ | २८ वटा बिद्यालयलाई शिक्षण अनुदान | ३८६०००० |

१६ **ठेक्का व्यवस्था**

१६.१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ र ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१६.२ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका कार्यहरु कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १६.४७ %देखि ४४.८१ %प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार

भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| **ठेक्का नं** | **काम** | **निर्माण व्यवसायि** | **संझौता मिति** | **लागत अनुमान** | **कबोल रकम** | **घटि प्रतिशत** |
|---|---|---|---|---|---|---|
| SKRM/NCB /WORKS/२ ०७९/०८०-०१ | Construction of Ground Floor Office Building Ward no.५ Siddhakumakh Rural Municipality salyan. | Khairabang Mai Construction, Sarada १, Salyan. | २०७९/११/ १४ | ९६५९८८३. ४४ | ६८,३५,३७ ३.३५ | २९.२४ % |
| SKRM/NCB /WORKS/२ ०७९/०८०-०४ | Dandakateri-Kalalekh-Chinali Road Upgrading Work. Siddha Kumakh Rural Municipality Ward No.३ Salyan. | Jigyashu B.C. Nirman Sewa, Sarada -१, Salyan | २०८०/०२/ ०८ | ४८३०७७७. ४५५ | २,७३६,३३ १.७० | ४३.३६ % |
| SKRM/SQ/ WORKS/२ ०७९/२०८० -०१ | Khanigaun-Borikhola Road Construction Work.Siddha Kumakh Rural Municipality Ward No.२ Salyan. | Puna Nirman Sewa, Lamahi -६, Dang. | २०८०/०२/ २८ | १९३०४८६. ९०८ | १६,४०,२७ १.४४ | १६.४७ % |
| SKRM/NCB /WORKS/२ ०७९/०८०-०३ | Kharban-Sagine Road Upgrading Work. | Swopnil Construction, Tribveni-१, Salyan. | २०७९/११/ १६ | २८९५८२६. ९४४ | १८,८३,६९ ५.८९ | ३४.९५ % |
| SKRM/NCB /WORKS/२ ०७९/०८०-५ | Sahakari-Jhargau-Majhakhark Road Upgrading Work.Siddha | Jigyashu B.C. Nirman Sewa, Sarada -१२, Salyan. | २०८०/०२/ ०८ | ३८६३६६२. ९३२ | २४९०५६४. ३१ | ३५.५४ % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Kumakh Rural Municipality Ward No.३, ५ Salyan. | | | | | |
| SKRM/NCB/WORKS/२०७९/०८०-०२ | Tribeni Kumakh Road Upgrading Works Siddhakumakh Rural Municipality Salyan. | Danfe Builders khalanga-२, Jajarkot. | २०७९/११/१२ | २८९७४६८.०८८ | १५९९०६०.६१ | ४४.८१ % |
| SKRM/NCB/WORKS/२०७९/०८०-०७ | Uchalne-Majhakhark Road Construction Work.Siddha Kumakh Rural Minucipality Ward No.५ Salyan. | Puna Nirman Sewa, Lamahi -६, Dang. | २०८०/०२/२८ | २४१२७५७.६५२ | १,६१२,३७७.८४ | ३३.१७ % |
| SKRM/NCB/WORKS/२०७९/०८०-०६ | Uchalne-Karenji-Darimtakuara Road Construction Work | Jigyashu B.C. Nirman Sewa, Sarada -१२, Salyan | २०८०/०२/०८ | २१२५१३७.९६४ | १२,९७,८७४.२८ | ३८.९२ % |
| | | | | | | |

१६.३ **कार्य स्विकार अभिलेख -** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रूटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको यकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

१६.४ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण

गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको पचास प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

| **ठेक्का नं** | **ठेक्काकोविवरण** | **सम्झौता मित** | **सम्झौतारकम** | **सम्पन्नगर्नुपर्ने मिति** | **हाल सम्मको भुक्तानी** | **म्याद थप अबधि** | **सुरु अबधिको म्याद थप प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| SKRM/SQ/WORKS/२०७९/८०-०६ | खानिगाउँ बोरिखोला सडक निर्माण | २०८०।०२।२८ | १६४०२७१।४४ | २०८०।०३।२० | ०।०० | २०८०।०८।१५ | |
| SKRM/NCB/WORKS/२०७९/८०-०१ | वडा नं ५ को कार्यालय | २०७८।११।१४ | ६८३५३७३।३५ | २०८०।०३।२० | ४५००२८४।०० | २०८०।०८।१५ | |
| SKRM/NCB/WORKS/२०७९/८०-०६ | उचाल्ने करेन्जि दारिम टाकरा सडक निर्माण | २०८०।०२।०८ | १२९७८७४।२८ | | ० | २०८०।०८।१५ | |
| SKRM/NCB/WORKS/२०७९/८०-०५ | सहकारी झारगाउँ माझखर्क सडक स्तरउन्नती | २०८०।०२।०८ | २४९०५६४।३१ | २०८०।०३।२० | ४७११९९।०४ | २०८०।०८।१५ | |

१६.५ **ठेक्का न SKRM/NCB/WORKS/ २०७८/७९-०५**– पालिकाले वडा नं १ मा गत वर्ष २०७९ असार ३ गते २ वर्ष भित्र कार्यसम्पन्न गर्ने गरी भुमि निर्माण- रिभिट निर्माण जे. भी. संग सम्झौता गरी निर्माण शुरु गरेको खानेपानी आयोजना शारदा देबिदर्का माथिल्लो बाझकाँडा लिफ्ट खानेपानी योजनाको यस वर्ष चौथो रनिङ्ग बिलसम्म रु. १ करोड ७८ लाख ८८ हजार भुक्तानी भएको छ । उक्त निर्माण व्यावसायीसंग मू. अ. कर र प्रोभिजिनल सम समेत रु. २ करोड

५७ लाख ६३ हजारमा संझौता गरेको छ । संझौताको तुलनामा वित्तिय प्रगति ६९.४३ प्रतिशत हासिल गरेको छ । आयोजना अन्तरगत मुख्य कार्यहरु ५ देखि १८ घन मिटर क्षमताका ६ वटा फेरोसिमेन्ट ट्याकीं निर्माण, पम्प घर निर्माण, पाइप प्रोटेक्सन वर्क, ३५३१ मिटर लम्वाइको ट्रन्समसिन लाइन र १०५६९ मिटर लम्वाइको वितरण लाइनको निर्माण कार्य हुने देखिन्छ । संझौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

१६.६ **ठेक्काको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ (बाहौँ संशोधन) को नियम १२०(क) ले संवत् २०७९ साल असार मसान्तसम्म खरिद सम्झौताको अवधि समाप्त हुने तर खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको वा हुन नसक्ने अवस्थामा रहेको वा यो नियम प्रारम्भ हुनु अघि अवधि थपको लागि सार्वजनिक निकाय समक्ष निवेदन परी सो सम्वन्धमा कुनै निर्णय नभएको निर्माण कार्यको हकमा सम्वन्धित निर्माण व्यावसायीले यो नियम प्रारम्भ (२०७९।३।२०) भएको एक्काइस दिनभित्र संशोधित कार्यतालिका सहित सम्झौताको अवधि थपको लागि निवेदन दिन सक्ने र सम्वन्धित अधिकार प्राप्त अधिकारीले पेश भएको कार्यतालिका जाँच गरी कम्तीमा दुई वटा प्रगति हासिल गर्नु पर्ने सीमा तोकी थप आर्थिक व्ययभार नपर्ने गरी बढीमा संवत् २०८० साल असार मसान्तसम्म म्याद थप गर्न सक्ने तर निर्माण व्यावसायिले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्न व्यवस्था छ ।पालिकाले उचाल्ने खार्वन संगिन सडक स्तरोन्नती गर्ने ठेक्का नं.SKRM/NCB/WORKS/०२-२०७८.७९ को निर्माण कार्य गर्न ओली निर्माण सेवा एण्ड सप्लायर्स (३०३६७५००२) को कवोल अंक रु.४४,२५,८३०।०० मिति २०७९।३।२० मा कार्य सम्पन्न गर्ने गरी २०७८।११।६ मा सम्झौता गरेको छ ।उक्त अवधिमा निर्माण व्यावसायिले दोश्रो रनिङ्ग बिल रु.२७,१२,२८२/- अर्थात कवोल अंकको ६१.२८ प्रतिशत मात्र निर्माण कार्य गरेको देखिन्छ ।गाउँ कार्यपालिकाको २०७९।३।२५ गतेको बैठकले पहिलो पटक २०७९।३।३० बाट कात्तिक २९ सम्म, कात्तिक २५ गतेको बैठकले दोश्रो पटक फाल्गुण ३० सम्म र फाल्गुण ३० गतेको बैठकले तेश्रो पटक २०८० असार २० गते सम्म संझौता अवधिभित्र अत्यधिक इन्धनको मूल्य वृद्धि र निर्माण सामाग्रीको अभावका कारण तकिएको समयमा कार्य सम्पन्न गर्न नसकेको कारण जनाइ म्याद थप गरेको छ ।उक्त तिन पटकको म्याद थप पश्चात निर्माण व्यावसायीले २०८०।३।१७ मा तेस्रो रनिङ्ग बिल रु.१०,२७,२८४/- को कार्य गरी हाल सम्म रु.३७,६९,५६८/- अर्थात ८५.१७ प्रतिशत मात्र कार्य सम्पन्न गरेको छ । कवोल अंक अनुसार तेश्रो पटक म्याद थप गर्दा समेत निर्माण व्यावसायीले रु.६,५६,२६२/- को १५ प्रतिशत कार्य सम्पन्न हुन बाँकी रहेकोले नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य सम्पन्न हुनु पर्दछ ।

१६.७ **परामर्स तथा डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्यक्रम | परामर्शदाता | स्वीकृत बजेट | लागत अनुमान | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत अनुमान |
|---|---|---|---|---|---|
| सडक डिपिआर ४ परियोजनाको | सार्थक ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | २०००००० | १९९४२८१।२६ | १९,०१,४१५ | १०१७७१९६६७।१४ |

| | | | | | |
|---|---|---|---|---|---|
| भवन डिपिआर १ योजनाको | वाइड रेन्ज ईन्जिनियरिङ सोलुसनस् प्रा.ली. | १०००० ०० | ९९९०४६।५६ | ९९४९०० | २६७८२४६७।२ ६ |
| सिद्ध गुँफा पर्यटकीय क्षेत्रको डिपिआर १ योजनाको | सार्प रिसर्च सेन्टर प्रा.लि. | ८०००० ० | ७९८३५६।३० | ७,६४,९९ ९ | ४४७३०८३८।४ ३ |
| | | | | ३६६१३१ ४ | |

साथै यस्तो परामर्शको कार्य गराउदा खरिद आवश्यकताको पहिचान गरी खरिद नियमावली, २०६४ को नियम ३(क) तथा ७(२)(ग) मा अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाउन सकिनेमा प्याकेज नवनाइ कार्य गराई भुक्तानी गरेकोले खरिद कानुन वमोजिम मितव्ययिता पुर्वक खरिद गरी DPR को कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ ।

## १७ वित्तिय समानीकरण

१७.१ **समानीकरण अनुदान रकमको उपयोग** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र प्रशासनिक एवं कार्यालय सञ्चालन शिर्षक वा विषयमा विनियोजन खर्च गर्न नपाईने व्यवस्था छ । ऐन तथा आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय बमोजिम प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु.२,४२,०००।०० खर्च गरी भुक्तानी दिएको देखियोले अनियमित रु

| **खर्च संकेत नं.** | **खर्च शीर्षक** | **अन्तिम बजेट** | वजेट खर्च |
|---|---|---|---|
| २११३९ | अन्य भत्ता | ४२,०००.०० | ४२,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २,००,०००.०० | २,००,०००.०० |
| | | | २४२००० |

१७.२ **सवारी साधन खरिद** - नेपाल सरकार सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारिता बनाउने मापदण्ड, २०७८ को बुँदा ९(२) मा नेपाल सरकारको स्रोतवैदेशिक स्रोतबाट स्वास्थ्य सञ्चालन तथा निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजन बाहेक अन्य अवस्थामा चारपाङ्ग्रे सवारी साधन खरिद गरिने छैन भन्ने उल्लेख छ ।पालिकाले यो वर्ष गो भौ नं २८।२०७९।१२।८ वाट रु.३०,९९,९०५/- अग्नि ईन्कर्पोरेट प्रालि लाई भुक्तानी भएको छ । सवारी साधनको संख्या बढ्दा इन्धन, मर्मत सम्भार सवारी चालक लगायतको खर्च समेत बढोत्तरी हुनेभएकोले सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारिता बनाउने मापदण्डको पालना हुनुपर्दछ ।

## १८ प्रोभिजिनल सम

१८.१ **ल्याव टेस्ट** – बोलपत्र सम्वन्धि कागजात (NCB- SBD) को जनरल कन्डिसन अफ कन्ट्रयाकको दफा ४० अनुसार कार्यालयले आयोजनाको गुणस्तर जाँच गर्नु पर्ने तथा दफा ४१ बमोजिम निर्माणमा प्रयोग हुने सामाग्रीहरुको ल्याव टेष्ट गर्नुपर्ने व्यवस्था छ । पालिकाले गुणस्तरिय निर्माण कार्यको लागि निर्माण कार्य तथा सामाग्रीको ल्याव टेष्टको प्रावधान सहित देहायको २ ठेक्का सम्झौता गरेको छ । उक्त तिन ठेक्काको ल्याव टेष्टको लागि रु १ लाख व्यवस्था समेत गरेको देखिन्छ ।निर्माण व्यवसायीहरुले ल्याव टेष्ट गराइ भुक्तानी लिएको देखिएन ।अतः संझौताको प्रावधान बमोजिम ल्याव टेष्ट गराइ गुणस्तरिय निर्माण कार्यको सुनिश्चित गर्नु पर्दछ ।

| ठेक्का न | योजनाको नाम | ल्याव टेष्ट रकम | कैफियत |
|---|---|---|---|
| SKRM/work/५-२०७८.७९ | शारदादेबिदर्का माथिल्लो बाझकाँडा लिफ्ट खानेपानी निमार्ण योजना | ५०००० | ल्याव टेष्ट नभएको |
| SKRM/work/२-२०७७.७८ | वडा नं २ को वडा कार्यालय भवन निर्माण | ५०००० | ल्याव टेष्ट नभएको |

१८.२ **वीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.२० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विओक्यू मा वीमा रकम** | **कैफियत** |
|---|---|---|---|---|
| SKRM/Works/२-२०७७.७८ | विशाल निर्माण सेवा | ९८६२०३५ | १००००० | वीमा नगरेको |
| SKRM/Works/५-२०७९.८० | जिज्ञासु बि सी निर्माण सेवा | २४९०५६४ | ४०००० | वीमा नगरेको |

## १९ सर्शत चालु - शिक्षा तर्फको कार्यक्रम

१९.१ जनप्रतिनिधि तथा कार्यक्रममा असम्बन्धित लाई सहभागी भत्ता भुक्तानी-यस गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका तथा अन्य कुनै ऐन तथा कानुनमा व्यवस्था नभएको कार्यक्रम तथा तालिममा सहभागी सरह गाउँपालिका अध्यक्ष तथा

उपाध्यक्ष लगायत अन्य सदस्यलाई भत्ता भुक्तानी गरेको पाइएको छ ।पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनु पर्ने देखिन्छ । यसरी तालिमसँग असम्बन्धित सदस्यलाई उपस्थितिका आधारमा भत्ता वितरण गर्न सकिने व्यवस्था नभएकोले उक्त रकम असुल हुनुपर्दछ रु.

| भौ न र मिति | कार्यक्रम | सदस्य | भुक्तानी |
|---|---|---|---|
| १३६ २०८०।२।२६ | बालविकास सहजकर्ता तालिम | गा पा अध्यक्ष श्री भरत गिरी | ७०० |
| | | गापा उपाध्यक्ष श्री राम ब बस्नेत | ७०० |
| १४१ २०८०।२।२९ | विद्यालय व्यवस्थापन तालिम २ दिने १००० दर | गा पा अध्यक्ष श्री भरत गिरी | २००० |
| | | गापा उपाध्यक्ष श्री राम ब बस्नेत | २००० |
| २२७ २०८०।३।२३ | आधारभूत तथा माध्यमिक विद्यालयका स्रोत शिक्षकको लागि सूचना प्रविधि सम्बन्धि ५ दिने क्षमता विकास तालिम | गा पा अध्यक्ष श्री भरत गिरी | ३००० |
| | | गापा उपाध्यक्ष श्री राम ब बस्नेत | ३००० |
| | | गापा उपाध्यक्ष श्री राम ब बस्नेत | ७०० |
| | | आइटी भिमलाल भण्डारी | ७०० |
| | जम्मा | | १२८०० |
| | | असुल गर्नुपर्ने | १२,८०० |

१९.२ शिक्षक विद्यार्थी अनुपात - शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त प्रतिवेदन अनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छ-

| विद्यालय | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | शिक्षक/विद्यार्थी अनुपात |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| विष्णु आ.वि. खानिगाउँ | ४ | ५६ | १४ |
| हिमालय आ. वि.माझखर्क | ४ | १६५ | ४१.२५ |
| युवा जनता आ.वि.दारीमटाकुरा | ३ | ४४ | १४.६६ |
| तारादेवी आ. वि.दह | १ | ८८ | ८८ |
| बालकल्याण आ.वि. फलाटे | ३ | २११ | ७०.३३ |
| महेन्द्र प्रा.वि.सालघारी | २ | ४५ | २२.५ |
| जनता कालिका आ.वि.चिनाली | ३ | ९६ | ३२ |
| सरस्वती आ.वि.हम्पाल | ३ | ५२ | १७.३३ |
| जागृती आ.वि.बाँझकाँडा | ३ | ४४ | १४.६७ |
| सिद्ध मा.वि. भडारे | ७ | २४९ | |
| शान्ति आ. वि. कागखोला | ३ | ५० | ३५.५७ |
| देउराली मा.वि.कालालेख | ८ | २९० | ३६.२५ |
| शान्ति आ. वि.उपल्लो बाँझकाँडा | ३ | ४८ | १६ |
| ने.रा.मा.वि.छापडाँडा | ६ | ५३८ | ८९.६७ |
| निराजन मा.वि. ढोरचौर | १४ | ७४९ | ५३.५ |
| जनसेवा आ.वि.सागिने | ४ | १६९ | ४२.२५ |
| हिमालय आ. वि.डाँडाकटेरी | ४ | ११९ | २९.७५ |
| बाल उद्यान प्रा.वि.करेञ्जी | १ | १९ | १९ |
| महेन्द्र आदर्श मा.वि. बाँझकाँडा | १२ | ५१४ | ४२.८३ |
| पशुपति आ.वि.बाँझकाँडा | २ | २५ | १२.५ |
| शान्ति सुन्दर मा.वि.खार्वन | ४ | २९८ | ७४.५ |

प्रतिवेदनअनुसार शिक्षक विद्यार्थी अनुपात जना रहेको छ। शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ।

१९.३ **आइ टी प्रयोगशाला** -कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलापमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयलाई निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन

गरेनगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा पनि एक प्रति पठाउनुपर्ने व्यवस्था छ । देहायका विद्यालयहरुलाई देहायको अनुदान निकासा गरेपछि निर्धारित मापदण्ड र प्रकृया अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरेको पाइएन । अनुगमन गरी खर्च सुनिश्चित गर्नुपर्ने रु.

| गो भौ नं | विद्यालय | आइ टी प्रयोगशाला |
|---|---|---|
| १२।२०८०।३।२० | महेन्द्र आदर्श आधारभुत विद्यालय | ६५०००० |
| २३।२०८०।३।२३ | सिद्ध माध्यामिक बिद्यालय | ६४२९७० |
| | जम्मा | १२९२९७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९२,९७० |

२० **स्वास्थ्य तर्फको कार्यक्रम- सशर्त चालु**

२०.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ।उल्लेखित भौचर बाट रु.११,९००/- खर्च भुक्तानी गरी विद्यालय स्वस्थ्य शिक्षा/ आमा समूह तथा महिला स्वास्थ्य स्वंय सेविका हरुका लागि सामाजिक व्यवहार परिवर्रतन सम्बन्धि अभिमुखिकरण २०७९।१२।२४ मा सम्पन्न भएकोमा सहभागीहरुको हाजिरी नरहेको तथा कार्यसम्पन्न प्रतिबेदनमा उल्लेख भएअनुसार उपस्थिति ३४ रहेको छ ।उक्त तालिममा खाजा वापत किर्तिका किराना पसलको विल नं ५ बाट रु. १५० दरले ६० सहभागीको खाजा विल पेश गरेको छ ।उक्त कार्यक्रममा हाजिरी बेगर सहभागी भन्दा अत्याधिक बढीको खाजा खर्च लेखेको अस्वभाविक देखिन्छ । अत- बढी भुक्तानी असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

२०.२ **नर्म्स बेगर भुक्तानी-**२१७ २०८०।३।२१ ७१२५२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।साथै नेपाल सरकारको कार्यसञ्चालन निर्देशिका, २०७७ को कृयाकलाप नं ७.१.१५ मा विविध प्रकारका तालिम तथा सेमिनार, बैठक, अभिमूखिकरण तथा सिप विकास सम्बन्धि कार्यक्रम गर्दा गर्नुपर्ने खर्चको मापदण्ड उल्लेख छ । सोही मापदण्ड अनुसार तालिम सञ्चालन गर्दा स्टेश्नरी वापत प्रति सहभागी रु.१००/- का दरले र खाजावापत प्रति सहभागी रु.२००/- सम्म खर्च गर्न सकिने व्यवस्था छ ।यस भौचरबाट पोशण सम्बेदनशिल कार्यक्रम अन्तर्गत २०८०।३।२ मा वडा नं ४ खार्बानमा पोषण सम्बन्धि एक दिने तालिम सञ्चालन गरेकोमा २४ जना सहभागी रहेको देखिन्छ ।उक्त तालिममा अनुगमन तथा निरिक्षण गरेको उल्लेख गर्दै निम्नानुसारका सदस्यहरुलाई भुक्तानी गरेको छ । ऐनमा व्यवस्था नभएको शिर्षकमा भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| सि नं | पदाधिकारी | भुक्तानी |
|---|---|---|

| | | |
|---|---|---|
| १ | पालिका अध्यक्ष श्रि भरत गिरी | १००० |
| २ | सभा सदस्य श्री नर बहादुर बस्नेत | १००० |
| ३ | कार्यपालिका सदस्य श्री करुण राना बस्नेत | १००० |
| ४ | उपाध्यक्ष श्री राम ब बस्नेत | १००० |
| | जम्मा | ४००० |

यसै कार्यक्रममा स्टेशनरी वापत प्रति सहभागी रु.१००/- दरले खर्च गर्न सकिनेमा महेन्द्र स्टेश्नरी को विल नं ३३ बाट ४० जनाको लागि रु.४,६९० /- को खरिद गरेको पाइएकोले नर्म्सभन्दा बढी खर्च लेखेको रु.२,२९०/- असुल हुनुपर्दछ ।

त्यस्तै खाजा वापत राजु किराना एण्ड खुद्रा पसलको विल नं ८० वाट रु.८,६०० /-अनुसारको भुक्तानी भएको छ ।सहभागी तथा प्रशिक्षक लगायतको कार्यक्रममा सहभागीता हुनुपर्ने आवश्यक संख्या भन्दा बढीको खाजामा खर्च लेख्ने कार्य अस्वभाविक देखिन्छ ।लागत अनुमान तयार गरी पेश्की माग गर्दा आवश्यक सहभागी तथा प्रशिक्षकको गणना गरी माग गर्ने तर पेश्की फछ्र्यौट गर्दा अत्याधिक खाजा तथा स्टेश्नरी खर्च जनाइ पेश्की फछ्र्यौट गर्ने गरेको देखिएको छ । यस कार्यक्रममा सहभागी संख्या २४ रहेको छ भने प्रशिक्षक तथा अन्य गरी बढिमा ३० जनासम्मको खाजा खर्च लेख्न सकिने देखिन्छ भने ४३ जनाको भुक्तानी गरेको पाइएको छ ।लागत अनुमान भन्दा अस्वभाविक दरमा संख्याको भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२,६००/- असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८९० |

## २१ प्रधानमन्री रोजगार कार्यक्रम -

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १३ वटा योजना सञ्चालन गरी यस वर्ष २१९ जनालाई जम्मा १०५१ दिन रोजगारी उपलव्ध गराई रु.७१,९०,२८६/- श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ

## २२ मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ -

२२.१ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १६ मा आयोजना कार्यान्वयन गर्ने निकायले श्रमिकको सामुहिक दुर्घटना बिमा गर्न सक्ने व्यवस्था छ।यस पालिकाले ७५ लाखका ५ वटा योजना कार्यान्वयन गर्दा सामुहिक दुर्घटना बिमा गरेको देखिएन।कार्यविधिको दफा नं. ११ मा कन्टीन्जेन्सी खर्चतर्फ विनियोजित बजेटको

२ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने र उक्त खर्च शीर्षकमा श्रमिकको सामूहिक दुर्घटना बिमा पनि समावेश भएकोमा विनियोजित बजेटको २ प्रतिशतले हुने रकमबाट उक्त बिमा गर्नसकिने मा कार्यालयले दुर्घटना बिमा नगरी अन्य अनुगमन, मूल्याङ्कन तथा प्रशासनिक शीर्षकहरुमा मात्र खर्च गरेको देखियो । बिमा नगर्दा भविष्यमा आइपर्ने जोखिम वहन हुन नसक्ने देखिएकोले तोकिए बमोजिम बिमा गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

२२.२ मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा ३ मा कार्यक्रमको क्षेत्रहरुमा सडक सिँचाई, खानेपानी, नदी वा जल उत्पन्न प्रकोप नियन्त्रण, ताल तलैया, जलाशय निर्माण जस्ता कार्यक्रम सञ्चालन गरीने उल्लेख छ । सोही कार्यविधिको दफा ४ मा आयोजनाको छनौट प्रक्रिया उल्लेख छ। सो प्रक्रिया बमोजिम यस पालिकामा ५ वटा योजना छनौटगरी निम्नानुसार कार्यक्रम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

२२.३ पालिकाले यस बर्ष मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बिभिन्न ५ वटा कार्यक्रम संचालन गरी रु.५६,७२,२६८।- खर्च गरेको विवरण पेश गरेको छ । यस कार्यक्रमबाट ३९६ जनाले प्रत्यक्ष रुपमा रोजगारी पाएको विवरणबाट देखिन्छ । उक्त कार्यविधिको दफा ४(७) मा बजेट बाँडफाट गर्दा कर्णाली प्रदेशका वडास्तरको जनसंख्या, भौगोलिक विकटता, गरीबी लगायतका आधारमा समन्यायिक रुपमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमको योजना छनौट गर्दा प्रति वडा रु. १५ लाखका दरले योजना छनौट गरेको र वडाको जनसंख्या, भौगोलिक अवस्था तथा गरीबीलाई विश्लेषण गरी समन्यायिक वितरण गर्नुपर्नेमा समान वितरण गरेको देखिएकोले समन्यायिक वितरण भएको छ भन्ने आधार देखिएन । कार्यविधीको पालना गरी समन्यायिक वितरणमा ध्यान दिनुपर्दछ।

२२.४ उक्त मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा नं. ५(१) (च) मा निर्देशक समितिले आयोजना छनौट गर्दा अधिकतम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनौट गर्नुपर्ने उल्लेख छ । उक्त व्यवस्था बमोजिम यस पालिकालाई रु.७५ लाख बजेट निकाशा भएकोमा यस पालिकाले आयोजना छनौट गर्दा लागत साझेदारी नगरी सोही रकम मात्र खर्च गर्ने गरी रु.७५ लाख मा ५ वटा योजना सञ्चालन गरेकोमा लागत सहभागीता शून्य रहेको देखियो । लागत सहभागीता नहुने योजना छनौट गर्दा योजनाप्रति लाभग्राहीको अपनत्व नहुने र पालिकालाई मात्र योजनाको व्ययभार परेको देखियो । अत- कार्यविधि बमोजिम योजना छनौट गर्दा अधिकतम लागत साझेदारी परिचालन हुने योजना छनौट गर्नुपर्ने देखिन्छ ।

## २३ सामाजिक सुरक्षा

२३.१ **लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।

२३.२ **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

**पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ।

२३.३ **नागरिकता नम्बर दोहोरो -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाका ६ वटा वडाहरु मध्ये नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएका वडा नं. १, र ४ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूको नागरिकता नम्बर दोहोरो पर्ने गरि अभिलेख राखेको देखिन्छ । यसरी विवरण नै अद्यावधिक नगरी बैकलाई भत्ता वितरणको विवरण पठाउने गरेकोमा कार्यालयले आगामि दिनमा सबै वडाहरुको विवरण अद्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ ।

| Installment's | Ward | Social Assustance Type Name | Citizenship Number | Member Name | Total Amount |
|---|---|---|---|---|---|
| ४ | १ | Senior citizen's allowance-Others | ५५०१०३ | Kali Basnet | १०६६० |
| ४ | १ | Widow | ५५०१०३ | Rati Budhathoki | ७९८० |
| ४ | १ | Senior Citizen's Single women's allowance | २२५५६३० | Pavi Budhathoki | ७९८० |
| ४ | १ | Senior Citizen's Single women's allowance | २२५५६३० | Sheelawoti Sharki | ७९८० |
| ४ | ४ | Widow | १६५४६ | Rupkali Chalaune | ७९८० |
| ४ | ४ | Senior citizen's allowance-Others | १६५४६ | Dhansari Basnet | ९३२० |
| ४ | ४ | Senior citizen's allowance-Others | ५५३००६ | Jiti Damai | १२००० |
| ४ | ४ | Widow | ५५३००६ | Golma Damai | ७९८० |

## २४ आन्तरिक लेखापरिक्षण प्रतिवेदन

२४.१ **आन्तरिक लेखापरीक्षण प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ९६ उपनियम ७(३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु सम्बन्धी ब्यहोरा अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरि वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरि बेरुजु लगत कट्टा गरि फछ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था बमोजिम अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फस्योंट गरेको नदेखिएकाले प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छ ।

| | | |
|---|---|---|
| **३५** | **गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम-**<br>· यस पालिकाको उद्यम विकास शाखाको समन्वयमा सल्यान प्राविधिक शिक्षालयले वडा नम्बर ४ र ५ मा संचालन गरेको लघु उद्यम सिप विकास तालिममा गोश्वारा भौचर नम्बर १२७ मा संलग्न कागजातका आधारमा उक्त कार्यक्रमको आन्तरिक लेखापरीक्षण गर्दा सम्झौता बमोजिम उक्त कार्यक्रम संचालनमा सबै प्रकारका कर सहित जम्मा रकम रु.९,२६,०६३/- को सम्झौता भएको देखिन्छ तर के कस्ता शिर्षकमा के कस्ता कर लगाईने हो भन्ने खुलाएको छैन। तर उक्त प्राविधिक शिक्षालयले पेश गरेको आशय पत्रमा लागत शीर्षकमा एकमुष्ट १३% VAT लगाउने उल्लेख छ। भने लागतमा शिर्षभार थप्ने विषयमा नत आर्थिक तथा प्राविधिक प्रस्तावका कुनै कुरा समेटिएको छ नत सम्झौता पत्रमा नै यद्यपि कार्यक्रम सम्पन्न पश्चात चिया तथा खाना खर्च, कार्यक्रम संयोजक भत्ता र अनुगमन यातायात वाहेक तालिम स्टेशनरी, सहभागी स्टेशनरी ,श्रोत व्यक्ति शुल्क , श्रोत व्यक्तिको यातायात, कच्चा पदार्थ , हल भाडा, व्यानर र निर्बाह भत्तामा लागेको लागतमा ९.५% ले जम्मा रु.४६,६२९।०९ शिर्षभार रकम र लागतमा शिर्षभार थपेर आउने रकममा १३% ले आउने रु.१,०६,५३७.८३ रकम जोडेर जम्मा रु.९,२६,०६३/- को खर्च विवरण पेश गरेकोमा अग्रिम आय कर वापत रु.१२,२९३/- र मुल्य अभिवृदि कर वापत रु.३१,९६२/- बाहेक रु.८,८१,८००/- रकम निकासा गरेको देखियो। उक्त कार्यक्रममा गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनुसुचि ६ मा मनासिव प्रशासनिक खर्चमा १०% ननाघ्ने गरी शिर्षभार थप्न सकिनेछ भन्ने प्रावधान रहेकोमा सल्यान प्राविधिक शिक्षालयले मनासिव कारण नदेखाई शिर्षभार थपेकोछ। साथै उक्त संस्थाले पेश गरेको आर्थिक प्रस्तावमा र पालिका संग गरेको सम्झौतामा पनि शिर्षभार रकम सम्बन्धमा कुनै कुरा बोलेको देखिदैन। तसर्थ विना आधार शिर्षभार वापतको रकम भुक्तानी लिन मनासिव नदेखिएकाले सो वापतको रु.४६,६२९।०९ असुल गर्नु मनासिव देखिन्छ।<br>ब्यक्तीको यातायात वापतको रकम रु.४,०००/- को १०% ले हुन आउने<br>· उक्त कार्यक्रममा गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ बमोजम उत्पादित वस्तुको गुणस्तर तथा विक्री सम्बन्धमा भएको ब्यवस्था अनुसार तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुने, तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मुल्यको ५०% छुटमा सहभागीलाईनै विक्री गर्न सकिने र सो वापत प्राप्त रकम कार्यलयले तोकेको राजश्व खातामा दाखिला गर्नुपर्ने यदि त्यस्ता सामान यसरी विक्री वितरण हुन नसकेमा सम्भव भएसम्म विक्रि वितरण वा प्रचार प्रसारका लागी | ४६६<br>२९।<br>०९ |

| | | |
|---|---|---|
| | कोसेली घर, सौगात गृह,विक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनुपर्ने। त्यसरी पनि विक्री नभएमा विवरण सहित सात दिन भित्र स्टोरमा दाखिला गर्नुपर्ने र यसरी प्राप्त हुन आएका सामानहरु कार्यलयले लिलाम विक्री गर्नुपर्ने र लिलाम विक्री हुन नसकेका सामानहरु सडी गली जाने भएमा प्रचलित कानुन वमोजिम धुल्याउनु पर्नेछ। भन्ने व्यवस्था भएकोमा सो वमोजिम नभएकोले उत्पादित सम्पुर्ण मालसामानहरु को एकिन गरी सो वमोजिमको विक्री मुल्य बराबरको रकम असुल गरी दाखिला गर्नुपर्ने वा सम्पुर्ण मालसामानहरु स्टोरमा दाखिला गर्नुपर्ने। साथै उक्त कार्यक्रममा गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ वमोजिम गर्नुपर्ने कार्यक्रमको अनुगमन तथा मुल्यांकनको प्रतिवेदन पनि संलग्न कागजातमा नभेटिएकाले राख्नुपर्ने। | |
| ३० | गोश्वारा भौचर नम्बर ८ - गाउँपालिका पशुसेवा शाखाले संचालन गरेको पशु स्वास्थ्य शिविर कार्यक्रममा उपस्थित कार्यपालिका सदस्य श्री मनि सार्की र वडा सदस्य श्री शेर बहादुर रोकायाले उक्त कार्यक्रम निरिक्षण गरेवापत भनेर प्रति व्यक्ति रु.१,०००/- वितरण गरेको देखिन्छ। यसरी रकम वितरण गर्नुको मनासिव आधार नभएकोले निजहरुबाट रु.२,०००/- असुल गर्नुपर्ने। | |
| | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,६२९ |

२४.२

| सि नं | गो भौ नं मिति र लेखा परीक्षणमा देखिएका व्यहोराहरु |
|---|---|
| १३ | **सभा संचालन खर्च-** सार्वजनिक निकायले चालू प्रकृतिको खर्चलाई मितव्ययी तवरले खर्च गरि पूँजिगत खर्चमा बढवा दिनुपर्ने व्यवस्था रहेकाले चालू प्रकृतिको खर्चमा मितव्ययी कायम गर्नुपर्दछ । |
| १६ | **कन्टेन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियममा कुनै पनि योजनामा छुटयाएको कन्टेन्जेन्सी रकम सम्बन्धित योजनामा मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले कन्टिन्जेन्सी बापतको रकम खर्च गर्ने सम्बन्धी कार्यविधि निर्देशिका बनाई कार्यान्वयन गर्नु पर्दछ। |
| २१ | **स्थानीय पूर्वाधार सडक उपयोग सेवा शुल्क-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड घ (२)मा स्थानीय तहले आफैले निर्माण गरेका सडकहरुमा स्थानीय पुर्वधार तथा सेवाको शुल्क निर्धारण संकलन र व्यवस्थापन गर्ने पाउने व्यवस्था अनुसार कार्य गरी आन्तरिक आय बढाउन तर्फ ध्या दिनु पर्ने देखिन्छ । |
| २२ | **छुट नलिएको-** पत्रपत्रिकामा सुचना प्रकाशन गर्दा २५ प्रतिशत सम्म छुट दिएको पाईन्छ । अत- समान्य बजार दर बमोजिम छुटको सुविधा लिई खर्चमा मितव्ययीता अपनाउनु पर्ने तर्फ ध्यानाकर्षण हुनु पर्दछ । |
| २३ | **पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च-** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को ६ (२) बमोजिम सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन तथा प्रशारण गर्न पाइने छैन । सूचना तथा प्रशारण विभाग बाहेक अन्य |

सरकारी निकायले क्यालेण्डरर डायरी छपाई गर्न पाउने छैन भन्ने व्यवस्था भएता पनि कार्यालयबाट विजय दशमी तथा शुभ दिपावाली तथा नयाँ जनप्रतिनिधिहरुलाई शुभकामना प्रकाशन गरि खर्च लेखिएकोमा मापदण्ड बमोजिम त्यस्तो कार्यमा खर्च नियन्त्रण गर्नुपर्दछ । सार्बजनिक खरिद सम्बन्धी कानुनमा तोकिए बमोजिम राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्चार माध्यममा प्रकाशन गर्नु पर्ने सुचना बाहेक अन्य जुनसुकै सबै प्रकारका सुचनाहरु कार्यलयले आफ्नै वेभसाईट मार्फत प्रकाशन गर्नुपर्छ। यस विषयमा कार्यलयले ध्यान दिनु आबश्यक छ।

तपशिलः

| गो.भौ. | मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ८५ | | प्रदेशटुडेराष्ट्रिय दैनिक | १९८५०/- |
| ८५ | | आतिस मिडिया हाउस प्रा.लि | १९६७५ |
| ८५ | | प्राणमञ्च मोर्डन प्रा. लि | २२२४३ |
| १३२ | २०७९।१०।२५ | नयाँ दृष्टि पब्लिकेशन प्रा .लि | १५००० |
| १३३ | २०७९।१०।२६ | सल्यान मिडिया हाउस प्रा.लि | १५००० |
| १३७ | २०७९।१०।२६ | लेकवेसी मिडिया हाउस प्रा.लि | १६५०० |
| १६८ | २०७९।११।१८ | शुभम एड्भटराईजिङ एन्ड मल्टि सप्लायर्स | १९७०० |
| १९० | २०७९।१२।०८ | रोजर मिडिया प्रा.लि | १९२०५ |
| २३४ | २०८०।०१।१३ | कुपिण्डे सञ्चार प्रा.लि | १५००० |
| २७७ | २०८०।०२।१७ | शुभम एड्भटराईजिङ एन्ड मल्टि सप्लायर्स | ७५०० |
| ३१७ | २०८०।०३।०४ | कुमाख राष्ट्रिय दैनिक | २०३४० |
| ३८६ | २०८०।०३।२१ | आतिस मिडिया हाउस प्रा.लि | १९९७५ |
| ३८६ | २०८०।०३।२१ | पानस मिडिया हाउस प्रा.लि | १५००० |
| १५( शिक्षा चालु ) | | शुभम एड्भटराईजिङ एन्ड मल्टि सप्लायर्स | २०००० |
| २२८(संघिय चालु ) | २०८०।०३।२४ | शारदा मिडिया प्रा.लि | २४६२५ |

| | |
|---|---|
| २४ | **बैठक भत्ताको मापदण्ड-** प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ को ३(ङ) बमोजिम प्रचलित कानून अनुसार बैठकमा अतिरिक्त विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था रहेकोमा यस पालिकामा गठन भएको विभिन्न समितिहरुको बैठकमा तीन जना भन्दा बढि आमान्त्रित बसि बैठक भत्ता बुझिलिएकोले नियमानुसार यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।नियमित प्रकृतिका कामकारबाहीमा समेत कार्यलय समय भन्दा बाहिरको समयमा बैठक गरी भत्ता तथा खाना ,खाजा खर्च तथा अन्य खर्च बुझिलिएको देखिन्छ। यसरी विभिन्न मितिमा, विभिन्न कार्यक्रमहरुका अवसरमा विभिन्न होटेलहरुमा अस्वभाविक रुपमा खाना तथा खाजा खर्च विल बनाई रकम निकासा गर्दा सार्वजनिक खर्चमा मितव्ययिता नअपनाएको देखिन्छ।अत- यसमा सुधार गर्नु आबश्यक देखिन्छ। |
| २८ | गाउपालिकाको शिक्षा शाखाद्वारा संचालित राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्ष कप प्रतियोगितामा प्रस्तुत गरेको खर्च विवरणमा खाजा खाना ताथा पानी आदि उपभोग गर्नेको एकिन हुने गरी रेकर्ड राखेको भेटियन ।साथै अन्य खर्चमा समेत प्रभावकारी मितव्ययिता अपनाएको देखिएन । यस्ता किसिमका कार्यक्रमहरुमा आगामी दिनहरुमा कार्यलयले खर्चको एथेष्ट प्रमाण सहित मितव्ययिता अपनाउनु पर्ने देखिन्छ। |
| ३१ | यस गाउँपालिकाको महिला तथा बालबालिका शाखाले संचालन गरेको एकल नृत्य प्रतियोगिता कार्यक्रमको अवसरमा सिद्ध कुमाख होटल तथा नास्ता पसलले पेश गरेको खाजा पानीको विलमा ८३ जनाका हिसाबले प्रति व्यक्ति रु. १७०/- को खाजा र ५ कार्टुन पानी खाएको जनाई जम्मा रु.१५,३६०/- को विल भुक्तानी भएको देखिन्छ।तर को कोले खाएको हो भन्ने प्रमाण नराखेकोले एकिन गर्न सकिएन ।तसर्थ सोको प्रमाण राख्नुपर्ने । |
| ३३ | **सहभागी, प्रशिक्षक र यातायात भत्ता-** अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका, २०७५ को आठौं संशोधनको बुँदा नं ७ अनुसार कार्यक्रम संचालन गरि चालु खर्चमा मितव्ययी कायम गर्नुपर्नेमा कार्यालयको विभिन्न कार्यक्रमहरु उक्त निर्देशिका भन्दा बढि दरमा संचालन गरिएको देखिन्छ । तसर्थ कार्यालयले कार्यसंचालन निर्देशिका तयार गरि लागु गर्नुपर्ने देखिन्छ । |
| ३६ | **बाख्रा पकेट निरन्तरता कार्यक्रम-** पहाडी नश्ल सुधार बाख्रा पालन कृषक समुह संग को सम्झौता वमोजिम यस कार्यक्रममा **उक्त समुहले** किसानहरुलाई उपलध गराएको वोयर बोकाहरु वितरण गर्नुपुर्व सार्बजनिक खरिद कानुन अनुसार मालसमान उपयुक्त प्रभाबकारी तथा गुणस्तरिय भए नभएको परिक्षण गरी एकिन गरी सेवा प्रबाह गर्नुपर्नेमा उक्त समुहले खरिद गरेका बोकाहरुको स्वास्थ्य परिक्षण गरी निरोगी एबं हृष्टपुस्ट भएको प्रमाण राखेको भेटिएन।आगामी दिनमा बस्तुको गुणस्तर एकिन गरेर मात्र सेवा प्रबाह गर्नुपर्दछ। |
| ३७ | विभिन्न विद्यालयहरुमा आईसिटि ल्याब व्यवस्थापन संग सम्बन्धित योजनाहरुमा गाउँपालिकाको अनुगमन समितिले अनुगमन गरेको पाईएन।त्यस्ता योजनाहरुमा अनुगमन समितिको प्रतिवेदन विनै रकम भुक्तानी गरेको पाईएकाले आगामी दिनमा यस्ता योजनाहरुमा पनि गाउँपालिका स्तरिय अनुगमन समितिबाट अनिबार्य अनुगमन तथा मुल्यांकन गराई प्रतिवेदन कागजात संलग्न राख्नू आवाश्यक छ।<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ वमोजिम सार्वजनिक निर्माण कार्यको लागत अनुमान को स्विकृति कम्तिमा रा.प तृतिय श्रेणीको कार्यलय प्रमुखले गर्नुपर्ने र कार्यलय प्रमुख सो श्रेणीको नभएमा |

| | |
|---|---|
| | एक तह माथिको अधिकारीबाट स्वीकृत गराउने व्यवस्था रहेकोमा यस पालिकामा रहेका विद्यालय संग सम्बन्धित योजनाहरुमा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले नगरी सो कार्य विद्यालयका प्र.अ ले गर्ने गरेको पाईएकाले नियम बमोजिमनै गर्नु पर्ने। |
| ३९ | **उपभोक्ता समिति-** यस गाउँपालिकाको आ.व. २०७९।८० मा उपभोक्ता समितबाट संचालित विविन्न योजनाहरुको लेखा परिक्षण गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम सार्वजनिक सुनुवाई तथा अनुगमन फारमका विवरण पूर्ण रुपमा नभरिएको पाइएकोले सो कार्यमा कार्यालयले ऐन नियममा व्यवस्था भए बमोजिमको कार्य गर्न गराउने गर्नुपर्दछ । |
| ४० | **समिति गठन**- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (१) बमोजिम प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढिमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गरि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद व्यवस्थापन कार्यकारीबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरि कार्यन्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रति कार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्थापन गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अधिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरि लागु गर्ने गराउने सम्बन्धी व्यवस्था रहेकोमा पालिकाले यसको प्रभावकारीता तर्फ खासै चासो दिई कार्य गरेको देखिएन । पालिकाको विपद् व्यवस्थापन समिति गठन भएकोले अब ऐन बमोजिमको कार्य प्रभाबकारी ढंगले नभएकाले सो गर्नुपर्ने देखिन्छ । |
| | **पशु शाखाको**ः रसिद नियन्त्रण खातामा १ वटा आम्दानी र ५ वटा पुर्जी रसिद गरी जम्मा ६ वटा रसिद मात्र बुझिलिएकोमा १ आम्दानी रसिद प्रयोग भएको र १ खाली तथा २९ वटा पुर्जी रसिद प्रयोग भएका र २ वटा आधा-आधा प्रयोग भएका गरी जम्मा ३३ वटा रसिद गा.पा राजस्व शाखामा बुझाएको देखियो। यसरी के कति रसिदकुन समयमा कसले बुझिलिएको हो भन्ने एकिन गर्न नसकिएकोले राजस्व संकलनको चुस्तता , दुरुस्तता एवं स्वच्छता माथी प्रश्न उठेकाले आगामी दिनमा यसमा सुधार गर्नु पर्ने देखिन्छ। |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष- २०७९/८०

कार्यालय र स्थान - सिद्ध कुमाख गाउँपालिका, सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रसाद यादव | २०८०-१-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | मार्सल कुमार वली | २०७९-४-१ | २०८०-१-१३ |
| लेखा प्रमुख | रविन्द्र बहादुर थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण-

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७३,३१९ | ३,६०८,६१४ | १,२९२,९७० | ० | ० | ५,४८३,६१७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.** | | | | | १०,४५८,५२० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजु रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.** | | | | | १०,४५८,५२० |

स्थानीय तह -

| **गत बर्षको जिम्मेवारी** | | ७५५२३४६० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १९७११२२५६ | **चालु खर्च** | १८६८३४८९० |
| **प्रदेश सरकारबाट अनुदान** | १४८५६६८८ | **पूँजीगत खर्च** | १०५४९०७५० |
| **राजश्व बाँडफाँट** | ५६९६५१६९ | **वित्तीय/अन्य व्यवस्था** | ५१७९२६९७ |
| **आन्तरिक आय** | २६६३१७४.० | | |
| **अन्य आय** | ५५०२५९८३ | | |

| कुल आय | ३२६६२३२७० | कुल खर्च | ३४४११८३३७ |
|---|---|---|---|
| **बाँकी मौज्दात** | | ५८०२८३९३ | |

**बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३८,८०,४५,८५२.७० | २७,६७,११,०४३.६४ | ७,४०,७३०.०० | २७,७४,५१,७७३.६४ | २६,१६,३६,४१६.४१ | | २६,१६,३६,४१६.४१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३८,६२,९९,१९२.०० | २७,१५,९७,२८९.२९ | ७,४०,७३०.०० | २७,२३,३८,०१९.२९ | २५,९५,०७,३०३.४१ | ० | २५,९५,०७,३०३.४१ |
| ११००० कर | ११ | ६,८८,२१,०००.०० | ५,७४,७६,१४१.४१ | ० | ५,७४,७६,१४१.४१ | ५,२३,२०,३९७.७५ | ० | ५,२३,२०,३९७.७५ |
| १३००० अनुदान | | २५,४८,९७,२५०.०० | २१,१९,६८,९४४.९० | ७,४०,७३०.०० | २१,२७,०९,६७४.९० | १९,९४,८९,१४२.१० | ० | १९,९४,८९,१४२.१० |
| संघीय सरकार | १२ | २३,१७,३७,०००.०० | १९,७१,१२,२५६.९० | ० | १९,७१,१२,२५६.९० | १९,०८,९८,०१६.१० | ० | १९,०८,९८,०१६.१० |
| प्रदेश सरकार | १२ | २,२२,१२,०००.०० | १,४८,५६,६८८.०० | ० | १,४८,५६,६८८.०० | ८५,९१,१२६.०० | ० | ८५,९१,१२६.०० |
| बैदेशिक श्रोत | १२ | ९,४८,२५०.०० | ० | ७,४०,७३०.०० | ७,४०,७३०.०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | २०,७५,०००.०० | २०,७१,२०२.९८ | ० | २०,७१,२०२.९८ | ७६,९७,७६३.५६ | ० | ७६,९७,७६३.५६ |
| १५००० विविध प्राप्ति | | १,२५,०००.०० | ८१,०००.०० | ० | ८१,०००.०० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ६,०३,८०,९४२.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १७,४६,६६०.७० | ५१,१३,७५४.३५ | | ५१,१३,७५४.३५ | २१,२९,११३.०० | | २१,२९,११३.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ९,२००.०० | ० | ९,२००.०० | ० | ० | ० |
| कोषहरु | | १७,४६,६६०.७० | ३६,२५,८५८.३५ | ० | ३६,२५,८५८.३५ | ० | ० | ० |
| धरौटी | | ० | १४,७८,६९६.०० | ० | १४,७८,६९६.०० | २१,२९,११३.०० | ० | २१,२९,११३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ३८,८०,४५,८५२.७० | २९,२८,७२,५४५.८६ | ७,४०,७३०.०० | २९,३६,१३,२७५.८६ | ३०,१६,०४,७२९.०२ | | ३०,१६,०४,७२९.०२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३८,६२,९९,१९२.०० | २९,१५,८४,९१०.८६ | ७,४०,७३०.०० | २९,२३,२५,६४०.८६ | ३०,०२,३९,८७७.९९ | | ३०,०२,३९,८७७.९९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १०,६३,९३,४००.०० | ९,१५,३९,४८३.४८ | ० | ९,१५,३९,४८३.४८ | ६,७६,२०,०७७.७६ | ० | ६,७६,२०,०७७.७६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,४९,००,२९८.०० | ७,३४,३९,५८५.२२ | ० | ७,३४,३९,५८५.२२ | १०,७४,१४,७५०.०० | ० | १०,७४,१४,७५०.०० |
| २५००० सहायता (Subsidy) | १८ | १,३८,९८,०००.०० | १,२९,९८,९४०.१६ | ० | १,२९,९८,९४०.१६ | ३,३९,२३,८५१.०० | ० | ३,३९,२३,८५१.०० |
| २६००० अनुदान | १८ | १७,००,०००.०० | १६,९०,१६५.०० | ० | १६,९०,१६५.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५७,९५,०००.०० | ४८,०५,८८७.०० | ० | ४८,०५,८८७.०० | ६१,५९,६८२.०० | ० | ६१,५९,६८२.०० |
| २८००० अन्य खर्च | १८ | २६,००,०००.०० | २३,६०,८३०.०० | ० | २३,६०,८३०.०० | ९,८५,३००.०० | ० | ९,८५,३००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,१०,१२,४९४.०० | १०,४७,५०,०२०.०० | ७,४०,७३०.०० | १०,५४,९०,७५०.०० | ८,४१,३६,२१७.२३ | ० | ८,४१,३६,२१७.२३ |
| घ. अन्य भूक्तानी | | १७,४६,६६०.७० | १२,८७,६३५.०० | | १२,८७,६३५.०० | ३०,१६,०४,७२९.०२ | | ३०,१६,०४,७२९.०२ |
| कोषहरु | | १७,४६,६६०.७० | ० | ० | ० | ६,९१,९२३.०० | ० | ६,९१,९२३.०० |
| धरौटी | | ० | १२,८७,६३५.०० | ० | १२,८७,६३५.०० | ६,७२,९२८.०३ | ० | ६,७२,९२८.०३ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,६१,६१,५०२.२२) | | (१,६१,६१,५०२.२२) | (३,९९,६८,३१२.६१) | | (३,९९,६८,३१२.६१) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,१२,५४,२१३.१७ | | ७,१२,५४,२१३.१७ | १२,०८,८२,३१२.६१ | | १२,०८,८२,३१२.६१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५,५०,९२,७१०.९५ | | ५,५०,९२,७१०.९५ | ८,०९,१४,०००.०० | | ८,०९,१४,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बैंक तथा नगद बाकी | २४ | | ५,३७,२६,९९३.२५ | | ५,३७,२६,९९३.२५ | ८,०९,२७,६३९.०० | | ८,०९,२७,६३९.० |